# त्रिभुवन विश्वविद्यालय

## व्यवस्थापन संकाय

## (परीक्षा नियन्त्रण महाशाखा)

टेलिफोन : ०१-४३३०८१८, ०१-४३३२७१८, ०१-४३३५९८७ (परीक्षा)
०१-४३३६६०६ (परीक्षा), ०१-५९०७९२७ (थेसिस)
E-mail : fomdean@gmail.com, info@fom.tu.edu.np
: exam.mgmt.tu@gmail.com, mgmtdean.exam@gmail.com
Website : www.fomecd.edu.np, www.tudoms.org

**डीनको कार्यालय**
**कीर्तिपुर, काठमाडौं, नेपाल ।**


मिति : २०८३ । ०४ । २५

## स्नातक तहको प्रवेश परीक्षा (CMAT) - २०२६ को नतीजा प्रकाशन सम्बन्धी सूचना

त्रिभुवन विश्वविद्यालय, व्यवस्थापन संकाय, डीनको कार्यालयवाट मिति २०८३ । ०४ । २३ (8th August 2026) मा संचालन भएको ***BBA/BITM/BTTM/BHM/BBM/BMS/BPA/BBA-F*** कार्यक्रमको प्रवेश परीक्षा (CMAT - 2026) - २०२६ को मिति २०८३ । ०४ । २५ मा बसेको प्रवेश परीक्षा संचालक समितिको बैठकद्वारा परीक्षाफल प्रकाशन गर्ने निर्णय भए अनुसार नतिजा प्रकाशन गरिएको छ ।

*नोट :-१)* *रोल नं.* ***NATHM-0445, NATHM-0893, TICM-0029, BKC-0005*** *र* ***BKC-0050*** *का परीक्षार्थीहरुको परीक्षाफल स्थगित गरिएको छ ।*

*२)* ***BBA/BITM/BTTM/BHM/BBM/BMS/BPA/BBA-F*** *भर्नाका लागि लिइएको* ***CMAT-2026*** *परीक्षामा उत्तिर्ण विद्यार्थीलाई भर्नाका लागि सम्बन्धित क्याम्पस/कलेजले तोकिएको आधारमा भर्नाका लागि आवश्यक प्रकृया अवलम्बन गर्नुपर्ने छ । छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थीहरुको छनौटका लागि व्यवस्थापन संकाय, डीनको कार्यालय, त्रि.वि.को वेबसाइट* ***www.tudoms.org*** *र* ***www.fomecd.edu.np*** *मा राखिएको फर्म भराई त्रि.वि. कार्यकारी परिषद्द्वारा पारित छात्रवृत्ति सम्बन्धी निर्णय तथा व्यवस्थापन संकायद्वारा जारी गरिएको छात्रवृत्ति सम्बन्धी कार्यविधि - २०७९ अनुसार तोकेको छात्रवृत्ति सम्बन्धी आधार समेतको पूर्ण पालना गर्नुपर्ने छ । उक्त छात्रवृत्तिमा छनौट भएका विद्यार्थीको सूची भर्ना समाप्त भएको मितिले १५ दिन भित्र डीनको कार्यालय, व्यवस्थापन संकाय, त्रि.वि.मा अनिवार्य रुपमा पठाउनु पर्ने छ ।*

*३)* *नियमित भर्नाका लागि विद्यार्थी छनौट भई सूची प्रकाशन गर्दा तोकिएको सिट संख्याका आधारमा योग्यताक्रम अनुसारको भर्ना योग्य सूची प्रकाशन गर्नुपर्ने छ । यदि प्रथम सूचीमा दिइएको समय भित्र भर्ना हुन नआएमा अनिवार्य रुपमा दोस्रो, तेस्रो तथा आवश्यकता अनुसारको योग्यता सूची प्रकाशन गरी सोही आधारमा भर्ना गर्नुपर्ने छ ।*

*४)* *प्रवेश परीक्षा (CMAT) - सन् २०२६ मा सम्मिलित भै भर्नाका लागि आवश्यक न्यूनतम योग्यता पुगेका विद्यार्थीहरुको भर्नाको आधार निम्नानुसार गर्ने गरि सम्पूर्ण क्याम्पस/कलेजहरुलाई निर्देशन जारी गरिएको छ :*

**BBA, BBM, BITM, BPA र BBA-F कार्यक्रमको लागि**

- प्रवेश परीक्षा (CMAT) प्राप्ताङ्कको ६० प्रतिशत
- दश जोड २ वा सो सरह उत्तिर्ण प्राप्ताङ्कको ३० प्रतिशत
- अन्तर्वार्ता १० प्रतिशत

**BHM, BTTM र BMS कार्यक्रमको लागि**

- प्रवेश परीक्षा (CMAT) प्राप्ताङ्कको ५० प्रतिशत
- दश जोड २ वा सो सरह उत्तिर्ण प्राप्ताङ्कको ३० प्रतिशत
- समुह छलफल १० प्रतिशत
- अन्तर्वार्ता १० प्रतिशत

...................................
प्रा. डा. दिलिप पराजुली
सहायक डीन
(संयोजक, प्रवेश परीक्षा समिति)